**लोक सेवा आयोग**

**नेपाल राष्ट्र बैंक, प्रशासन, सहायक द्वितीय, सहायक पदको**

**प्रतियोगितात्मक लिखित परिक्षा**

**२०७५/१२/०८**

**पत्रः द्वितीय** **पूर्णाङ्क : १००**

**समयः ३ घण्टा**

**विषय: Banking, Accounting, Mathematics and Computer**

| प्रत्येक section को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ। अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ। |
|---|

**Section 'A'** **40 Marks**

1. वाणिज्य बैंकहरूलाई किन साख सृजनाको कारखाना भनिन्छ ? उपयुक्त उदाहरणसहित पुष्टि गर्नुहोस्। कुन – कुन कुराहरूले साख सृजना प्रक्रियामा प्रभाव पार्दछ ? वर्णन गर्नुहोस्।

   Why commercial Banks are called 'Factories of Credit Creation'? Justify with suitable examples. What points affect the process of credit creation? Describe. 6 + 4 = 10

2. नेपाल राष्ट्र बैंकको प्रमुख काम, कर्तव्य तथा अधिकारहरू उल्लेख गर्दै बैंकले गर्न नहुने कार्यहरू लेख्नुहोस्।

   Stating the major functions, duties and power of Nepal Rastra Bank, Write about the functions not to be carried out by the Bank. 7 + 3 = 10

3. मुद्रा भनेको के हो ? विभिन्न प्रकारका मुद्राहरू उदाहरणसहित वर्णन गर्नुहोस्। कागजी मुद्रा किन फाइदाजनक छ ? लेख्नुहोस्।

   What is money? Describe different forms of money with examples. Why is paper money advantageous? Write down. 2 + 6 + 2 = 10

4. नेपालको वित्तीय संरचनाबारे लेख्नुहोस् । वित्तीय साक्षरताको के के फाइदाहरू हुन्छन् ? वित्तीय समावेशीकरणले कसरी वित्तीय साक्षरतामा सहयोग गर्दछ ? व्याख्या गर्नुहोस्।

   Write down about the financial structure of Nepal. What are the advantages of financial literacy? How does financial inclusion help to financial literacy? Explain. 3 + 5 + 2 = 10

**Section 'B'** **30 Marks**

5. वित्तीय अनुपातहरू भन्नाले के बुझिन्छ ? व्यवसायको तरलता मापन गर्न प्रयोग गरिने वित्तीय अनुपातहरूको बारेमा उल्लेख गर्नुहोस्। ४ + ६ = १०

   What is meant by financial Ratios? State about the financial ratios that are used to measure the liquidity of a business. 4 + 6 = 10

6. नेपाल राष्ट्र बैंकले मिति २०७०।०४।०१ मा रु २५,००,००० को एउटा मेशिनरी खरिद गऱ्यो। बैंकले प्रतिवर्ष १०% का दरले घट्दो मौज्दात विधि अनुसार ह्रासकट्टि गर्ने नीति लिएको छ। आर्थिक वर्ष प्रत्येक वर्ष असार मसान्तमा समाप्त हुने मानी पहिलो ५ वर्षको मेशिनरी खाता तयार गर्नुहोस् । Nepal Rastra Bank Purchased a machinery costing Rs. 25,00,000 on 2070/04/01. Bank has a policy to use deminishing balance method of depreciation @ 10% per annum. Assuming the fiscal year ends at the end of Asar each year, prepare the machinery account for the first 5 years.

7. अभिलेख व्यवस्थापन चक्रको परिचय दिनुहोस् । फाईलिङ्ग प्रणालीले कसरी प्रभावकारी अभिलेख व्यवस्थापनमा सहयोग गर्दछ ? वर्णन गर्नुहोस्। ५ + ५ = १०

   Give an introduction of Record Management Cycle. How does a filing system help to effective Record Management? Describe. 5 + 5 = 10

**Section 'C'** **20 Marks**

8. A, B र C ले कुनै काम क्रमशः ४५, ६० र ९० दिनमा पूरा गर्न सक्दछन्। तिनीहरूले सँगै काम शुरु गरे र १५ दिनपछि A ले छोड्यो, B ले काम सकिनुभन्दा ५ दिन पहिले छोड्यो र C ले बाँकी काम एक्लै गऱ्यो। C ले जम्मा कति दिन काम गऱ्यो ?

A, B and C can complete a work in 45, 60 and 90 days respectively. They started the work together and after 15 days, A left, B left the work 5 days earlier before completion of the work and C did the remaining work alone. How many days C worked in total? 5

9. वार्षिक चक्रीय ब्याजदरमा कुनै रकमको मिश्रधन तेस्रो वर्षको अन्त्यमा रु ७९,८६० हुन्छ र चौथो वर्षको अन्त्यमा रु. ८७,८४६ हुन्छ। चक्रीय ब्याजदर र मुलधन पत्ता लगाउनुहोस्। ५

In yearly compound interest rate, the amount of the sum becomes Rs. 79,860 at the end of the third year and becomes Rs. 87,846 at the end of fourth year. Find the rate of compound interest and the sum. 5

10. एउटा कोठाको लम्बाइ, चौडाइ र उचाइ क्रमशः १४ फिट, १० फिट र ९ फिट रहेको छ। उक्त कोठामा ३ फिट लम्बाइ भएको दुई वटा वर्गाकार झ्यालहरू छन् र एउटा ६ फिट × २ फिटको ढोका छ। यदि त्यस कोठाको चारै भित्तामा सेतो रङ्ग लगाइएको छ भने रङ्ग लगाइएको भागको क्षेत्रफल पत्ता लगाउनुहोस्।

The length, breadth and height of a room are 14 ft, 10 ft and 9 ft respectively. The room has two windows of square shape of 3 ft length and a door of 6 ft × 2 ft. If all of the four walls have been coloured by white paints of that room, find the area of the coloured parts.

11. तल दिइएको तथ्याङ्कबाट उपयुक्त केन्द्रीय प्रवृत्तिको नाप पत्ता लगाउनुहोस्।

| आम्दानी (रु. हजारमा) | ५० भन्दा कम | ५०– १०० | १०० – १५० | १५० – २०० | २०० र सो भन्दा माथि |
|---|---|---|---|---|---|
| व्यक्ति संख्या | १५ | २५ | ४० | २० | १० |

Find an appropriate measure of central tendency from the following data.

| Income (Rs. in thousand) | Below 50 | 50 – 100 | 100–150 | 150–200 | 200 and above |
|---|---|---|---|---|---|
| No.of persons | 15 | 25 | 40 | 20 | 10 |

**Section 'D'** **10 Marks**

12. What is internet? Differentiate intranet and extranet with example. 5

13. What are the guidelines of information disclosure and grievance handling in Nepal Rastra Bank IT Guidelines? 5

□□□